प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

घरभाडामा लिने सम्बन्धी सूचना

प्रकाशित मिति २०७९।१२।०३

यस मन्त्रालयका सचिवज्यू तथा महाशाखा प्रमुखको आवास प्रयोजनका लागि तपसिलको मापदण्ड भित्रको घर/फ्ल्याट भाडामा लिनु पर्ने भंएको हुँदा ईच्छुक घरधनीबाट यो सूचना भएको मितिबाट १५ दिन भित्र यस मन्त्रालयमा कार्यालय समयमा आईपुग्ने गरि आफुले लिन चाहेको बहाल दररेट खुलाई रीतपुर्वक निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. सचिवज्यूको आवासको लागि कम्तिमा पाँच कोठा भएको घर/फ्ल्याटमा हुनुपर्नेछ । पाँच कोठा भित्र एक किचन (खाना पकाउन स्ल्याव तथा भाँडा माझ्न सिंक वेसिन धाराको सुविधा भएको) तथा कम्तिमा एक वटा कोठामा एटयाच ट्वाईलेट/वाथरुम भएको कोठा हुनुपर्नेछ ।

२. महाशाखा प्रमुखको आवासको लागि एक छुट्टै कम्तिमा तीन वटा कोठा भएको फ्ल्याट हुनपर्नेछ । तीन कोठा मध्ये कम्तिमा एक कोठा एटयाच ट्वाईलेट/वाथरुम भएको कोठा हुनु पर्नेछ ।

३. प्रत्येक फ्ल्याटमा कम्तिमा एक कोठामा एटयाच ट्वाईलेट वाथरुम वाहेक छुट्टै ट्वाईलेट/वाथरुम हुनुपर्नेछ । सचिव तथा महाशाखा प्रमुखको लागि एउटै घरमा फरक तलामा भएका फ्ल्याट भाडामा लिन सकिनेछ ।

४. घर कम्तिमा एक गाडि तथा केहि मोटरसाईकल पार्किङको सुविधा सहित विराटनगर महानगरपालिका क्षेत्रभित्र यस मन्त्रालयबाट करिब ७ किलोमिटरको आसपासमा चारैतिर कम्पाउण्ड वालले घेराबारा भएको हुनुपर्नेछ ।

५. घरमा बिद्युत लगायत धारा, पानी, शौचालय तथा बाथरुमममा यस मन्त्रालयबाट मर्मत सम्भार/रंगरोगन थप गर्न नपर्ने गरीको सुविधा हुनुपर्नेछ ।

६. सचिव तथा महाशाखा प्रमुखले आवास प्रयोजनार्थ उपयोग गर्न उपयुक्त हुने किसिमको हुनुपर्नेछ ।

७. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हाल सम्मको सबै किसिमको कर र दस्तुर चुक्ता गरेको प्रमाणको प्रतिलिपि सहित निवेदन पेश गर्नुपर्नेछ ।

८. आफुले भाडामा दिन चाहेको घर/फ्ल्याट प्रत्येक फ्ल्याट के कति मासिक कति भाडा दरमा उपलब्ध गराउन सकिने हो ? सोको फ्ल्याट अनुसारको घरभाडा उल्लेख गरि बहाल कर सहितको मासिक भाडा दर अंक र अक्षरमा खुलाई निवेदन पेश गर्नु पर्नेछ ।

९. सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशीका, २०७९ को परिधि भित्र रहि स्वीकृत वहाल रकममा नियमानुसार बहाल कर कट्टा गरि भुक्तानि गरिनेछ ।

१०. निवेदन पेश भएका घर भाडामा लिने तथा नलिने अधिकार मन्त्रालयमा निहित रहनेछ ।